# आ.व. २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम

# बाँसगढी नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, बाँसगढी

## बाँसगढी, बर्दिया

### ५ नं प्रदेश, नेपाल

सम्मानित सभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,

१. नेपाली जनताको लोकतन्त्र, गणतन्त्र, समानता, सामाजिक विकासको चाहना अनुरुप पटक पटक भएका विभिन्न आन्दोलनका कारण लोकतान्त्रिक मूल्य एवं मान्यतालाई आत्मसाथ गर्दै राज्य प्रणालीको क्रमशः रुपान्तरण हुँदै आएको छ । पछिल्लो पटक आम नेपाली जनताहरुको संघीयता र स्वशासनको चाहनालाई जननिर्मित संविधानबाट प्रत्याभुत गरिएको छ । राज्य प्रणालीको रुपान्तरणसँगै एकात्मक ढाँचाको राज्यको स्वरुपमा आमूल परिवर्तन गरी संघीय शासन प्रणालीको स्थापना गरिएको छ । यसका लागि विशिष्ट योगदान पुऱ्याउने विभिन्न क्षेत्र, वर्ग र विशेषतः यस क्रममा ज्यानको आहुति दिने वीर शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु ।

२. राज्यको स्वरुप तीन तहको रहने गरी नेपालको संविधान २०७२ ले निर्धारण गरे पश्चात संघीयता कार्यान्वयनको चरणमा विभिन्न ७४४ वटा स्थानीय तहको स्थापना भएको छ ।स्थानीय तहलाई जनप्रतिनिधिमूलक बनाउने क्रममा बिभिन्न चरणमा स्थानीय तहको निर्वाचन समेत सम्पन्न हुने क्रममा यही २०७४।०३।१४ गते बाँसगढी नगरपालिकाको निर्वाचन समेत सम्पन्न भई नगर सभा, नगर कार्यपालिकाले पर्ूणता पाइसकेको छ । नगरबासीले उच्च विश्वासका साथ निर्वाचित गर्राई नगर विकासको साँचो यस निर्वाचित प्रतिनिधिहरुको हातमा सुम्पनु भएकोमा जनमतको उच्च सम्मान गर्दै नगरवासीको चाहना अनुरुप कार्यसम्पादन गर्ने प्रतिबद्धतासहित आफ्नो अमूल्य मतदान गरी विजयी गराउनु भएकोमा सम्पुर्ण बाँसगढी नगरवासी प्रति धन्यबाद समेत व्यक्त गर्न चाहन्छु ।

३. हाम्रो ध्यान समृद्ध बाँसगढी नगरको निर्माणमा केन्द्रित भएको छ । यस कार्यलाई अघि बढाउन सम्वाद, सहमति र सहकार्यात्मक कार्यशैलीबाट समाजका बिभिन्न बर्ग र क्षेत्रको सुझाबहरु ग्रहण गर्दै नगरपालिकालाई क्रियात्मक इकाईको रूपमा नमूना नगरपालिका निर्माणको दिशामा अघि बढाइनेछ ।

अब म आर्थिक बर्ष२०७४।७५ को बाँसगढी नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

1 यस नगरपालिकाको साँध सिमाना यकिन गर्न प्राविधिक टोली गठन गर्ने र सो टोलीको प्रतिवेदन प्राप्त भएपछि यस नगरपालिकाको भूभाग अन्य कुनै स्थानीय तह वा प्रदेशमा पर्न गएको देखिएमा सो भूभाग प्राप्त गर्ने नीति लिइनेछ ।

2 कृषि क्षेत्रको विकासका लागि पकेट क्षेत्रहरुको पहिचान, मूल्य अभिबृद्धियुक्त उत्पादन, व्यवसायिक खेती, नगदे खेती एवं उच्च संभावनायुक्त फलफूलहरुको खेती, कृषि प्रणालीलाई

व्यापार र उद्योगसँग आबद्ध गर्ने, सिंचाई, जैविक मल, बीउ तथा जैविक औषधीको सहज उपलब्धता, सिचाईको विस्तारमा जोड दिइनेछ । बबई सिंचाई, रेउ खोला सिंचाई कार्यान्वयन गर्न तथा भूमिगत पानी उपयोग गर्न भूमिगत जलस्रोतको कार्यालय बाँकेसँग समन्वय गरि सिंचाई कार्यलाई प्रभावकारी बनाइनेछ ।

3 सार्वजनिक र सामुदायिक वन सँगको सहकार्यमा समुदायलाई जडीबुटी खेती गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ ।

4 व्यवसायिक रुपमा खेती गर्ने कृषकहरु पहिचान गरी प्रोत्साहित गर्ने नीति लिइनेछ ।

5 उच्च संभावनायुक्त प्राकृतिक स्थानहरुको पर्यटन पूर्वाधारहरुको विकास गरी, पर्यटन एवं व्यवसायिक क्षेत्रलाई आवद्ध गरी सार्वजनिक निजि क्षेत्रको सहकार्यात्मक सम्बन्ध विकास गर्दै आन्तरिक पर्यटनलाई प्रोत्साहन गरिनेछ ।

6 उर्जा सुरक्षालाई ध्यान दिई बिद्युतको नियमित आपुर्तिका लागि पहल एवं वैकल्पिक उर्जा प्रबर्धनको लागी संभाब्यता अध्ययन तथा सडक सौर्यबत्ति जडान गर्ने कार्यक्रममा जोड दिइनेछ ।

7 सहकारीको सिद्धान्त र मुल्यहरुको प्रबर्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सुशासन कायम गरिनेछ ।

8 सहकारी संस्थाहरुलाई उत्पादनशील क्षेत्रहरुमा क्रियाशिल गराउने निति लिइनेछ ।

9 अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइनेछ । सहकारी संस्थाका संचालक तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

10 लक्षित समूह, सहकारी प्रबर्धन र पहुँच अभिवृद्धि कार्यक्रम, सहकारी सचेतना, संस्था गठन, विकास, शिक्षा र तालिम तथा आयोजना सञ्चालनका लागि क्षमता विकासगर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

11 पशुपन्छीबाट सर्न सक्ने रोगहरुको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिबृद्धिका साथै एक स्वास्थ्य अवधारणानुसार जनस्वास्थ्य संरक्षणमा सहयोग पुर्‍याइनेछ ।

12 साना डेरी उद्योग प्रबर्धन गर्न योगदानमा आधारित चिलिङ भ्याटमा सहयोग गरिनेछ ।

13 सम्भाव्यताको आधारमा क्रमशः दूध, मासु तथा अन्डा उत्पादनमा कार्यबिधि बनाई अनुदान उपलब्ध गराइनेछ ।

14 युवा लक्षित गाई, भैसी, बाख्रा, बङ्गुर, माछापालन विकास कार्यक्रममा जोड दिइनेछ ।

15 सार्वजनिक निजी सहकारी साझेदारीमा पशुपन्छी बजार प्रबर्धन र पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

16 विभिन्न क्लस्टरमा बाख्रापालन विशेष कार्यक्रम सञ्चालन गर्न जोड दिइनेछ ।

17 उत्पादक सहकारी संस्थामार्फ कृषकहरुलाई मिल्क एनालाइजर, अल्मुनीयम र स्टिल क्यान तथा मिल्किङ मेसिनको खरिदमा लागत सभागिताका आधारमा अनुदान प्रदान गरिनेछ ।

18 पशु स्वास्थ्य नियमन कार्यक्रम र पशु औषधी, खोप तथा पशु विमा विस्तारमा जोड दिइनेछ ।

19 धार्मिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरुको खोज पहिचान, संरक्षण तथा प्रचार प्रसारको लागि पहल गरिनेछ ।

20 परम्परागत चार्डपर्व, जात्रा, मेला, कला संस्कृतिको संरक्षण र सम्बर्धन गरिनेछ ।

21 नगर क्षेत्रमा निजी तथा सहकारी संस्थाहरुको समेत सहभागीतामा सम्भाव्यता अध्ययनको आधारमाशीत भण्डार स्थापनाको लागि पहल गरिनेछ ।

22 स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगहरुमा संचालनमा बिशेष जोड दिइनेछ ।

23 नगर क्षेत्र भित्र संचालनमा रहेका उद्योग कल, कारखानाहरुलाई बढावा दिदै थप उद्योग कलकारखाना संचालनमा ल्याउनका लागी उद्योगी तथा लगानीकर्तालाई लगानीका लागी प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

24 नगरमा हाट बजार निर्माण, कृषि उपज संकलन केन्द्र निर्माण गरिनेछ ।

25 उद्यमशिलताको विकास गर्न आयमूलक रोजगारीका कार्यक्रम संचालन गरी महिला, दलित, आदिवासी, जनजाति, मधेशी मुस्लिम, लोपोन्मुख जाति तथा पछाडि परेका समुदायको क्षमता विकासमा जोड दिइनेछ ।

26 नगर क्षेत्रको सम्पुर्ण बिबरण खुल्ने गरी नगर प्रोफाइल तयार गरी आगामी वर्ष बजेट तथा योजना तर्जुमा कार्यलाई अझ ब्यवस्थित बनाइनेछ ।

27 सामाजिक न्याय, सामाजिक समानता, उपलब्ध स्रोत साधनको प्रभावकारी वितरण, विकासको न्यायोचित वितरण, सामाजिक सुरक्षा जस्ता विषयमा विशेष ध्यान दिइ कार्यक्रमहरु निर्धारण र सञ्चालन गरिनेछ ।

28 सामाजिक सुरक्षा भत्तालाई बैकिंग प्रणालीबाट वितरण गर्ने कार्यलाई निरन्तरता दिदै असक्षमहरुको घरदैलोमा रकम वितरण गर्न बैंकहरुलाई शाखारहित बैंकिंग प्रणाली अपनाउन अनुरोध गरिनेछ ।

29 सबैका लागि स्वच्छ खानेपानी उपलब्ध गराउने गरी खानेपानी तथा सरसफाईका कार्यक्रम सञ्चालन गरिनेछ । आर्सेनिक परिक्षण र न्यूनिकरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

30 आर्थिक एवं सामाजिक रुपले विपन्न बर्गको संरक्षण र हितको कार्यक्रम, सामाजिक समाबेशीकरण, क्षमता विकास कार्यक्रम, लक्षित बर्ग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

31 स्वास्थ्य सेवालाई गुणस्तरीय तथा र्सबसाधारणको पहुँचयोग्य बनाउन प्रयास गरिनेछ । स्वास्थ्य बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । गुणस्तरीय स्वास्थ्य सेवाका लागि अनुगमनमा जोड दिइनेछ । १५ सैया सम्मको हस्पिटल बनाउन पहल गरिनेछ ।

32 मुक्त कमैयाका परिवारहरुलाई सीपमूलक एवम् व्यावसायिक तालिम प्रदान गरिनेछ ।

33 किशोरकिशोरीहरुलाई साथी शिक्षा, स्वास्थ्य तथा नागरिक शिक्षा, सञ्चालन गरी जनसङ्ख्या, प्रजनन स्वास्थ्य तथा यौन सम्बन्धी विषयहरुमा चेतना अभिवृद्धि गरी सभ्य र सुरक्षित व्यवहार पर््रवद्धन गर्न जोड दिइनेछ ।

34 जनसङ्ख्या व्यवस्थापन तथा विश्लेषण सम्बन्धी क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ।

35 दलित, छात्रा, जनजाति, लोपोन्मुख जातजाति, गरिब तथा जेहेन्दार, अपाङ्गता भएका विद्यार्थीहरुका लागि आवश्यकताका आधारमा कार्यबिधि बनाई छात्रबृत्तिको व्यवस्था गरिनेछ । सभाका अध्यक्षज्यू,

36 पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच आम नागरिकसम्म पुऱ्याउन प्रयास गरिनेछ । यसका लागि गैर सरकारी संस्था, निजि क्षेत्र, अन्य सहयोगी निकायको सहयोग लिइने नीति लिइनेछ ।

37 नवजात शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औषत आयु वढाउनका लागि स्वास्थ्य प्रर्वधनात्मक कार्यक्रममा जोड दिइनेछ ।

38 स्वास्थ्य क्षेत्रमा निजि, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरुबाट हुने लगानीलाई व्यवस्थित गराइनेछ ।

39 मानव बेचविखन विरुद्धको अभियानमा विभिन्न संघसंस्था तथा स्थानीय सरोकार निकायलाई परिचालन गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

40 विद्यमान सामाजिक सुरक्षाका विभिन्न क्रियाकलापहरुको अभिलेखिकरण तथा प्रकाशन गरिनेछ ।

41 अपाङ्गगता भएका व्यक्तिहरुका लागि भौतिक संरचना तथा सञ्चार सेवालाई पहुचयुक्त बनाउन आवश्यक चेतनामूलक र पैरवी कार्यक्रम सञ्चालन गरिनेछ ।

42 मातृस्वास्थ्य र प्रजनन स्वास्थ्यलगायतका आधारभूत स्वास्थ्य सेवाहरुका बारेमा सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

43 एकल महिलाको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

44 आदिवासी, जनजाती, दलित, मधेशी, मुस्लिम समुदाय, पिछडावर्गको भाषा तथा संस्कृतीको संरक्षण एवम् सर्ंवर्द्धन गर्नका लागि प्रयास गरिनेछ । थारु भाषाको प्रयोग तथा विस्तारमा प्राथमिकता दिइनेछ ।

45 बालश्रम न्यूनिकरण गर्न स्थानीयस्तरमा चेतना अभिवृद्धि र स्थानीय स्तरमा रहेका बालश्रम प्रयोगको निरिक्षण तथा अनुगमन गर्नुका साथै सरोकारवालाको सहयोग र समन्वयमा निकृष्ट प्रकारको बालश्रममुक्त नगरपालिका घोषणा गर्न जोड दिइनेछ ।

46 शहरी विकास तथा भवन निर्माणसम्बन्धि मापदण्डको प्रभावकारी कार्यान्यन गरिनेछ ।

47 न्यायिक अधिकारको सन्तुलित प्रयोगका साथै मेलमिलापको सिद्धान्तमा जोड दिइनेछ ।

48 निर्णाप्रक्रिया, सहभागितामूलक योजना तर्जुमा र आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा महिला, बालबालिका, आदीबासी जनजाति, दलित, मधेशी, मुश्लिम, अपाङ्गता भएका व्यक्तिहरु, अल्पसंख्यक, लोपोन्मुख ज्येष्ठ नागरिक तथा विपन्न एवं पिछडा वर्गहरुको सहभागितामा जोड दिईनुको साथै सामाजिक कुप्रथालाई निरुत्साहित गर्न विशेष पहल गरिनेछ ।

49 महिलाहरुलाई व्यवसायिकता तर्फउन्मुख गराउन आयमुलक र सिपमुलक तालिम प्रदान गरी आय आर्जनमा वृद्धि गरी आत्म निर्भर बनाईने नीति लिईनेछ ।

50 बालक्लबहरुको संस्थागत क्षमता विकास गरिनेछ ।

51 बाल तथा मातृ शिशु स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

52 लक्षित कार्यक्रममा छुट्याईएको बजेट नतिजामूलक हुने गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न विशेष जोड दिईनेछ ।

53 जेष्ठ नागरिकहरुको अनुभव र सिपलाई आर्थिक, सामाजिक कार्यमा उपयोग गर्ने, जेष्ठ नागरिक लाई लक्षित गरी निजि क्षेत्र, गैर सरकारी संस्थास समेतको सहयोगमा विश्राम स्थलको निर्माण तथा व्यवस्थापनका साथै ज्येष्ठ नागरिकलाई सम्मान गर्ने नीति लिइनेछ ।

54 नगर क्षेत्रभित्र बसोबास गर्ने विभिन्न उमेर समुहका व्यक्तिहरुलाई लागुपदार्थ दुर्व्यसनी हुनबाट रोक्न विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै दुर्व्यसनीहरुको उपचार, योग ध्यान लगायत पुर्नस्थापनाका कार्यहरु सञ्चालन गर्न गैर सरकारी संस्था, नीजि क्षेत्र, सुरक्षा निकायसँगको समन्वय र सहयोगमा अघि बढाइनेछ ।

55 नगरको शैक्षिक स्तरलाई उत्कृष्ट रुपमा विकास गर्न शैक्षिक संस्थाहरुको भौतिक, आर्थिक तथा शैक्षिक सुधार गर्न पहल गरिनेछ ।

56 लक्षित समुहका बालबालिकाहरुको शिक्षामा पहुँच बढाउन प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

57 विद्यालयहरुको भौतिक पुर्वाधारको विकासको लागि रकम विनियोजन गर्दा विद्यालय सुधार योजनाको आधारमा मात्र उपलब्ध गर्राईने नीति लिईनेछ ।

58 सामुदायिक विद्यालय तथा समुदाय स्तरमा रहेका बाल विकास केन्द्रहरुको भौतिक तथा शैक्षिक सुधार गरिनेछ । स्थानीय थारु भाषामा आधारभुत शिक्षा प्रदान गर्ने तर्फअध्ययन गरिनेछ ।

59 प्राविधिक शिक्षालय स्थापनाको लागि पहल गरिनेछ ।

60 नगरमा सहरी स्वास्थ्य केन्द्रको अवधारणा अनुरुप यस नगरपालिकाको दमौली, थुमनी र राँझामा नगर स्वास्थ्य केन्द्र स्थापना भै संचालन भै रहेको छ ति केन्द्रहरुमा थप स्वास्थ्य सेवा संचालन गर्ने ब्यवस्था मिलाइने छ । नगरका अन्य वडाहरुमा समेत संचालन तथा बिस्तारको लागी पहल गरिनेछ । स्वास्थ्य क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाको योगदानको कदर गर्दै प्रोत्साहन गरिनेछ ।

61 आधारभुत स्वास्थ्यमा सबैको सहज पहुँच र सुरक्षित मातृशिशु स्वास्थ्य सेवाको लागि विशेष पहल गरिनेछ ।

62 एन्टि स्नेक भेनम केन्द्रको स्थापनको लागि पहल गरिनुको साथै थारु जातीमा देखिएको सिकल सेल एनिमिया रोगलाई नियन्त्रण गर्न सरकारी तथा गैह्र सरकारी संस्थाहरुसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

63 विभिन्न क्षेत्रमा कार्यरत गैससहरु संग समन्वय गरी कार्यक्रममा दोहरोपना नहुने गरी समन्वयात्मक ढङ्गबाट कार्यक्रम संचालन गरिनेछ ।

64 संचारको टावर तथा क्षमता बृद्धिको लागी सम्बन्धित निकाय संग सहकार्य गरी नगरको सबै क्षेत्रमा संचारको पहुँचको लागी आवश्यक पहल गरिनेछ ।

सभाका अध्यक्षज्यू,

65 नगरपालिका भित्र रहेका अध्धयन केन्द्र र सामुदायिक पुस्तकालय ब्यवस्थापन र प्रबर्द्धनमा जोड दिइनेछ ।

66 कृषि, पर्यटन र व्यापारको प्रबर्द्धन गर्दै स्थानीय पुर्वाधार निर्माणलाई यी क्षेत्रहरुको विकासका लागि सहयोग पुग्ने गरी सञ्चालन गरिनेछ ।

67 विकास निर्माणका लागि आवश्यक नापनक्सा तथा भौगोलिक सूचना र्सवसुलभ बनाइनेछ ।

68 निजि क्षेत्रको संलग्नता समेत बढाई खेलकुदको विकासका लागि भौतिक पुर्वाधार निर्माण, विकास र विस्तार गरिनेछ ।

69 सार्वजनिक तथा निजि भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा जोड दिइनेछ । खेल मैदान र खेलकुद पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।

70 जनसहभागितामा आधारित सौर्य सडक बत्तिको विस्तार गरी शहरी सौन्दर्य कायम गर्नुको साथै नगरको ग्रामिण क्षेत्रमा विद्युत लाईन विस्तारको लागि पहल गरिनेछ ।

71 राष्ट्रिय राजमार्ग र नगर क्षेत्र भित्रका अन्य बाटाहरु सँग जोडिएका सहरी सडकहरुको विस्तार गर्नुको साथै नगरको एक अर्को वडा हुँदै छिमेकि गाँउपालिका तथा नगरपालिकालाई समेत जोडी सडक संजाल बनाउने र बाह्रै महिना आवतजावत सहज हुने गरी सडक मर्मत सुधारमा प्राथमिकता दिईनेछ । अधुरा तथा क्रमागत आयोजनाहरुलाई पुर्णता दिइनेछ ।

72 नगर चक्रपथको सम्भाव्यता अध्ययनको लागि पहल गरिनेछ ।

73 नगरस्तरीय सडकलाई स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

74 यस नगरपालिकाको सहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड २०७२ लाई प्रभावकारी रुपमा कार्यान्वयन गरी भूकम्प प्रतिरोधात्मक भवन निर्माण कार्यलाई जोड दिईनेछ ।

75 नाप नक्सा हुन बाँकी रहेका जग्गाको डिजिटल सर्भे नापीको लागि सम्बन्धित निकायमा पहल गर्नुको साथै बबईको चेपाङ र नगर क्षेत्रभित्र रहेका अब्यवस्थित तथा सुकुम्बासी बस्तीलाई व्यवस्थित गर्ने तथा नगरपालिका भित्र रहेको नमुना बजारलाई नगरपालिकाको स्वामित्वमा ल्याई व्यवस्थापन गर्ने कार्यमा पहल गरिनेछ ।

76 नगरपालिका भित्र अब्यवस्थित बसोबास गरी बसेका घर धुरी, सरकारी प्रति ऐलानी जग्गाको लगत संकलन, रेखांकन तथा सिमांकन गरिनेछ ।

77 भूकम्प प्रतिरोधात्मक भवन निर्माणको लागि प्रोत्साहित गर्न डकर्मिहरुलाई तालिमको निरन्तरताका साथै जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

78 नगरसंग जोडिएका अन्य नगर वा गाँउलाई समेत ध्यानमा राखी नगर बस पार्क, नगर सभा गृह, शव दाह गृह, कभर्डहल, क्रिकेट मैदान, हाट बजार, पशु बधशाला, वृद्ध विश्रामस्थल, शैक्षिक प्रतिष्ठानका क्षेत्रहरु, फोहर प्रसोधन केन्द्र आदि जस्ता क्षेत्रहरुको पहिचान गरी प्राथमिकताको आधारमा योजना बनाई क्रमशः कार्यान्वयनमा ल्याईनेछ ।

79 नगरको मुख्य बजार -Down town_ तथा अन्य केन्द्रहरुको निर्माणलाई व्यवस्थित गर्न जोड दिइनेछ ।

80 अबैज्ञानिक भू उपयोगलाई नियन्त्रण गर्न, वातावरणीय व्यवस्थापन, प्राकृतिक स्रोत साधनको संरक्षण एवं उपयोगका लागि समग्र नगर क्षेत्रको वातावरणीय अध्ययन गर्ने, बाढी एवं पहिरो नियन्त्रणका लागि कार्यक्रम सञ्चालन तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरु सञ्चालन गर्ने निति लिईनेछ ।

81 नगरको विपद् व्यवस्थापन योजना अनुसार राहत, उद्दार सामग्रीको व्यवस्थापन, विपद नक्सांकन, तालिम, विपद व्यवस्थापन कोष, आपतकालीन कार्य सञ्चालन लगायतका कार्य सञ्चालन गरिनेछ ।

८२ शहरी सुन्दरता प्रबर्द्धनका लागि बगैचा एवं पार्क निर्माण शहरी बृक्षारोपण, बिश्रामस्थलहरुको निर्माण गरिनेछ ।

८३ फोहोर व्यवस्थापनका लागि निजी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा जोड दिई, जैविक एवं अजैविक फोहोर छुट्याउने, प्लाष्टिकजन्य पदार्थको प्रयोगमा नियमन र दुरुत्साहन, व्यवस्थित डम्पिंग साइटको निर्माण जस्ता क्रियाकलापमा जोड दिइनेछ ।

८४ वातावरण तथा जलवायु अनुकूलनमैत्री पशुपन्छी व्यवसाय प्रबर्द्धन गर्ने निति लिइनेछ ।

८५ नदी विशेष नियन्त्रण तथा व्यवस्थापन गर्न गूरुयोजना तयार गर्ने कार्य यसै आ व देखि शुरु गरिनेछ ।

८६ भूकम्पीय जोखिम न्यूनिकरण सम्बन्धी जनचेतना, र्सार्वजनिक जानकारी र आवास व्यवस्थापन सम्बन्धी चेतनामूलक  कार्यक्रम सञ्चालन गरिनेछ ।

८७ मध्यवर्ती क्षेत्र तथा राष्ट्रिय निकुञ्जको सिमानामा बसोबास गरेका बासिन्दाहरुको बालीनाली लगायतका अन्य कृषि उत्पादनहरु संरक्षित क्षेत्रबाट आउने जनावरहरुबाट हुने नोक्सानीको रोकथामका लागि बर्दिया राष्ट्रिय निकुञ्जसँग समन्वय गरी क्षति न्यूनिकरण गर्ने नीति लिइनेछ ।

८८ विकास योजना संचालन गर्दा वातावरण मैत्री विकास प्रणालिलाई संस्थागत गर्दै जलवायु परिर्वतनको नकरात्मक असरलाई न्यून गर्न वन लगानी कार्यक्रममा समेत जोड दिई सो क्षेत्रमा कार्यरत सरकारी गैर सरकारी संस्थाहरु संग समेत समन्वय गरी कार्यक्रम संचालन गर्न जोड दिइने छ ।

८९ नगर क्षेत्रभित्र रहेका नदी, खोला, नाला, ताल सिमसार क्षेत्रहरुको अतिक्रमण र प्रदुषण रोकथाम गर्न संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।

९० बन संरक्षण प्रबर्द्धन र उपयोग गर्न उपयुक्त हुने वन नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

९१ स्थानीय तह सञ्चालनका लागि आबश्यक बिभिन्न नीति, आवधिक योजना तथा गुरुयोजना तथा कानुनहरुको तर्जुमा गरी नगरपालिकाको कार्यलाई व्यवस्थित बनाइनेछ ।

९२ सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन सेवाग्राही पहुँचलाई सरल एवं सहज बनाउन, सूचना प्रवाह, सूचना प्रविधिको प्रयोग,सेवाग्राहीमैत्री संरचना, कामप्रति प्रतिबद्ध कर्मचारीतन्त्रको विकासमा जोड दिइनेछ ।

९३ यस आर्थिक वर्षा जर्मन सरकारको सहयोगमा जर्मन अन्तराष्ट्रिय सहयोग नियोग न्क्श् सँगको सहकार्यमा यस नगरपालिकाको संस्थागत विकास, जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृध्दि र लक्षित वर्गमा सेवा प्रवाह सुदृढीकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

94 चालु खर्चको न्यूनीकरण गर्दै पुँजीगत खर्चको बढोत्तरी गर्ने, खर्चको प्रभावकारिता र प्रतिफल बढाउने, राजस्वका श्रोतहरु बढाउने, राजस्वको प्रभावकारी परिचालन गर्ने निति लिइनेछ ।

95 बजार अनुगमन तथा उपभोक्ता हितको संरक्षण गर्ने कार्यलाई तीव्रता दिइनेछ ।

96 न्यायिक अधिकारको सन्तुलित प्रयोगका साथै मेलमिलापको सिद्धान्तमा जोड दिइनेछ ।

97 नगर क्षेत्रका सार्वजनिक जग्गाहरुको खोजी, संरक्षण, उपयोग र सार्वजनिक जग्गाहरुमा भएको अतिक्रमणलाई निरुत्साहन गर्न प्रभावकारी क्रियाकलाप सञ्चालन गरिनेछ ।

98 आफ्नो कार्यालय भवन नभएको वडा कार्यालयहरुको भवन निर्माण यसै आ व देखि शूरु गरिनेछ ।

99 नगरपालिकाको दैनिक कार्य व्यवस्थित रुपमा संचालन गर्न निर्माणाधिन नगरपालिकाको कार्यालय भवन समयमै सम्पन्न गर्ने प्रयास गरिनेछ ।

सभाका अध्यक्षज्यू,

100 कर्मचारीको सुविधा र सेवा प्रवाहको व्यवस्थापनको लागि विनियम, कार्यविधि, निर्देशिका तयार गरी लागु गरिनेछ र्।कर्मचारीको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

101 नगरभित्र संचालन हुने योजना तथा कार्यक्रमको प्रभावकारी रुपमा अनुगमन र मुल्याङ्कन गरी आयोजनाको गुणस्तर कायम गरिनेछ ।

102 नगर सूचना केन्द्रलाई थप व्यवस्थित र सुदृढ गरिनेछ । सबै वडा कार्यालयहरुमा सूचना केन्द्र स्थापना गरिनेछ ।

103 नगरपालिकाको बढ्दो जनसंख्या, ठूलो भौगोलिक क्षेत्र र प्रशासनिक कार्यबोझ मध्य नजर गरी क्रमश पदपुर्ति गर्दै आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।

104 नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान, सर्शर्त अनुदान, समपूरक अनुदान, वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोतहरुको प्रभावकारी परिचालन गरिनेछ ।

105 घर भाडा, सवारी साधनको लगत तयार गरी करको दायरामा ल्याउनुका साथै नेपाल सरकारका राजस्व संकलन गर्ने निकायहरुसँग सूचना प्रवाह र समन्वयात्मक रुपमा कार्य गरी आन्तरिक स्रोतको प्रबर्द्धन गरिनेछ ।

106 नगर क्षेत्रभित्र अतिक्रमण गरिएका संरचना हटाउने, फुटपाथको निर्माण गर्ने लगायतबाट मुख्य बाटो र शहरलाई ब्यबस्थित बनाइनेछ ।

107 नगर बजार क्षेत्रको ढल निकासको उचित व्यवस्थापन गरिनेछ ।

108 हरियाली नगर बनाउने निति अनुरुप एक घर एक रुखको निति लागु गरिनेछ ।

109 आन्तरिक आय वृद्धिको लागि एकिकृत सम्पत्ति कर यसै आ।व ०७४।०७५ देखि कार्यान्वयनमा ल्याउन प्रयत्न गरिने छ ।

110 व्यवसाय करको लगत व्यवस्थित गरी निजि क्षेत्रसँगको सहकार्यमा कर संकलन गर्न तर्फअध्ययन गरिनेछ ।

111 राजश्व सम्बन्धी लेखा र अभिलेखलाई चुस्त बनाई राजश्व शाखाको भौतिक सुधार गरी सुदृढ गरिनेछ ।

112 शासन प्रणालीमा सुशासन, निर्णाप्रक्रियामा तथ्य तथा सुचनाहरुको प्रयोग र तथ्यमा आधारित निति निर्माण, सेवा प्रवाहको क्षमता अभिवृद्धि, विकास निर्माणमा गुणस्तरिय सुधार, सहभागिता र पारदर्शीता ल्याउनका लागि विभिन्न क्षेत्रसँग समन्वय । सहकार्य गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

अन्त्यमा माथि प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनबाट मात्रै वास्तविक रुपमा नगरबासीप्रति न्याय गर्न सकिने हुँदा यस कार्यमा सम्वद्ध सबै पक्षबाट सहयोग मिल्ने अपेक्षा गरेको छु ।

धन्यवाद ।

प्रस्तुतकर्ता
शुष्मा चौधरी
उपप्रमुख
बाँसगढी नगरपालिका